# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०३/२५ (संख्याः ३**


## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको ऐन नं. ३

### ऐनको नाम : छत्रकोट गाउँपालिकाको संस्थागत अक्षयकोष ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०३/२२**

<u>प्रस्तावनाः</u>

छत्रकोट गाउँपालिका भित्र रहेका संगठित संस्थाहरुबाट संचालित विभिन्न अक्षयकोषहरुको व्यवस्थापन, सञ्चालन र नियमन गर्ने कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ एवं अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२

समेत बमोजिम छत्रकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाइ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो ऐनलाई छत्रकोट गाउँपालिकाको संस्थागत अक्षयकोष ऐन, २०७६ भनिने छ ।

(२) यो ऐन छत्रकोट गाउँपालिकाभर मात्र लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "गाउँपालिका" भन्नाले छत्रकोट गाउँपालिका लाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले छत्रकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई बुझाउँछ ।

(ग) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएका संस्था, मठ, मन्दिर, गुठी, ट्रस्ट, कम्पनी, फर्म र दर्ता नभएका भएपनि कुनै प्रकारबाट संगठित धार्मिक, जातीय, क्षेत्रीय र वर्गीय लगायतका सामुदायिक संगठनहरुलाई समेत जनाउँछ ।

(घ) "दाता" भन्नाले आफ्नो र आफ्ना पूर्वज पितृहरु लगायत कुनै विशिष्ट व्यक्तित्वको नामका कृति स्वरुप स्वास्थ्य, शिक्षा, धर्म, संस्कृति,आर्थिक र सामाजिक सुरक्षा जस्ता क्षेत्रमा कुनै

कल्याणकारी कार्य गर्ने गराउने उद्देश्यले नगद, जिन्सी वा जग्गा प्रदान गर्ने संस्था वा व्यक्तिलाई जनाउँछ ।

(ङ) "सम्पत्ति" भन्नाले मुलुकी देवानी संहिता ऐन, २०७४ दफा २५१ र २५२ मा उल्लेख भएको भौतिक वा अभौतिक, मूर्त वा अमूर्त रुपमा रहेको चल वा अचल सम्पत्ति र त्यसबाट हुने आयलाई समेत जनाउँछ।

(च) "संस्थागत अक्षयकोष" भन्नाले दाता र संस्थाबीच भएको दुई पक्षीय वा बहुपक्षीय सम्झौता, करार वा अन्य कुनै अभिलेख मा लेखिएका सर्त अनुसार उपयोग हुनेगरी माथि खण्ड (घ) र (ङ) अनुसार दाताले संस्थालई सुम्पेको सम्पत्तिलाई जनाउँछ।

(छ) "प्रचलित कानुन" भन्नाले नेपालको संविधान अनुसार निर्मित संघीय, प्रदेश र स्थानीय तह स्तरीय कानुन लाई जनाउँछ ।

परिच्छेद-२

## अक्षयकोष दर्ता सम्बन्धी व्यवस्था

**३. अक्षयकोष दर्ता गर्नुपर्ने :**

(१) यो ऐन लागु हुनुभन्दा पहिले गाउँपालिका भित्र स्थापना भई संचालनमा रहेका संस्थागत अक्षयकोषको हकमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र र अब उप्रान्त स्थापना गरी संचालन गरिने कोषहरुका हकमा सो कोष स्थापना गरेको पैतीस दिन भित्र गाउँ कार्यपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अक्षयकोष दर्ता गर्दा देहायका विवरणहरु उल्लेख गरी सम्बन्धित कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः

(क) सम्बन्धित संस्था दर्ता भएको र आफ्नो वा बहालमा रहेको प्रमाणपत्र,

(ख) संस्थाको विधान प्रवन्धपत्र वा नियमावली,

(ग) संस्थाको वहालमा रहेका कार्यकारिणी वा पदाधिकारी एवं सदस्यहरुको विवरण र कोष संचालनको जिम्मा लिने पदाधिकारी, सदस्य एवं त्यसका लागि कुनै अङ्ग, निकाय, समिति इत्यादि गठन भएको भए तत्सम्बन्धी अभिलेख,

(घ) संस्थाले अन्य कुनै संस्था वा व्यक्तिसँग गरेको कोष स्थापना र संचालन गर्ने बारेको संझौता, करार वा दुई पक्षीय वा बहुपक्षीय सहमति भएको अन्य कुनै लिखित सम्पत्तिको विवरण,

(ङ) खडा भएको कोषमा जम्मा भएको सम्पत्तिको विवरण, त्यसमध्ये नगद भए सो नगद जम्मा गरेको बैङ्क वा वित्तीय संस्थाको खाता नम्बर, खाता संचालन गर्ने पदाधिकारीको विवरण र अन्य सम्पत्ति भए त्यसको विवरण र प्रमाण कागजहरु, सो जिम्मा लिने पदाधिकारी कर्मचारीहरुको विवरण,

(च) गाउँ कार्यपालिकाले आवश्यक ठानेको अन्य कुनै मनासिव विवरण।

(३) उपदफा (२) बमोजिम दर्ता भएका अक्षयकोषहरुका अभिलेख गाउँ कार्यपालिकाको कार्यालयले सुरक्षित साथ छुट्टाछुट्टै राख्नेछ।

## परिच्छेद-३

## अक्षयकोष संचालन तथा व्यवस्थापन

**४. कोष संचालन तथा व्यवस्थापन :**

(१) संस्थागत अक्षयकोषहरुको व्यवस्थापन र संचालन त्यस्तो कोष स्थापना गर्दा खडा भएको दुईपक्षीय वा बहुपक्षीय लिखितमा लेखिएको सर्तका अधिनमा रही सम्बन्धित संस्थाले नै गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोष संचालन तथा व्यवस्थापनको लागि प्रत्येक संस्थामा देहाय बमोजिमको एउटा कोष संचालक समिति गठन हुनेछ :

(क) संस्थाको प्रमुख - पदेन अध्यक्ष

(ख) दाता स्वयं वा निजले नियुक्त गरी पठाएका एक जना प्रतिनिधि - सदस्य

(ग) संस्थाले तोकेको संस्थाका कुनै पदाधिकारी वा अधिकृत कर्मचारी - सदस्य

(३) उपदफा (२) बमोजिम गठित संचालक समितिले आफ्नो कार्यविधि आफै नियमित गर्न सक्नेछ।

**५. विवाद समाधान** : संस्थागत अक्षयकोषको व्यवस्थापन, संचालन र नियमन सम्बन्धमा संस्था र दाताबीच कुनै विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाले दुवै पक्षलाई राखी आपसी छलफल र समझदारीबाट मेलमिलाप गराई विवादित समस्या समाधान गराउनेछ।

यदि त्यसरी विवाद समाधान हुन नसकेमा यो ऐन र यस अन्तर्गत बनेका नियम, कार्यविधि र निर्देशिका अनुसार गाउँ कार्यपालिका आफैले निर्णय गर्न मिल्ने जति सोही निर्णय अनुसार विवादित विषयको टुङ्गो लगाईने छ । त्यसबाहेक अन्य कुरामा सम्बन्धित पक्षले प्रचलित कानून बमोजिम उपचार लिन सक्नेछ ।

६. **नियम बनाउने अधिकारः** संस्थागत अक्षयकोषको स्थापना गर्दा खडा भएको सम्झौता करार वा अन्य कुनै अभिलेख अनुसार कोषको व्यवस्थापन, संचालन भए नभएको बारे अनुगमन गर्ने, त्यसलाई नियमन गर्ने गराउने र गाउँपालिकामा भएका सम्पूर्ण संस्थागत अक्षयकोषहरुबीच समन्वय गर्ने, संस्थागत अक्षयकोषको दीर्घकालीन विकास, सुरक्षा र संचालन लगायतको कार्यका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

७. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनका कुनै दफा तथा उपदफाहरु नेपालको संविधान, संघीय कानून र प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

प्रमाणिकरण मितिः २०७६/०३/२५

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत